नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, चैत्र २० गते २०२८ साल [अतिरिक्ताङ्क ५९ (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२८ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

राष्ट्रिय सम्वाद समिति ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– राष्ट्रिय सम्वाद समिति ऐन २०१९ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "राष्ट्रिय सम्वाद समिति (पहिलो संशोधन) ऐन २०२८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ४ मा संशोधन:– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :–

४. पूंजी, शेयर र शेयर होल्डरहरू:– (१) समितिको अधिकृत पूंजी श्री ५ को सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) समितिको कूल पूंजीमा कम्तीमा ५१ प्रतिशत शेयर श्री ५ को सरकारले लिनेछ र कम्तीमा २५ प्रतिशत शेयर समितिका कर्मचारीलाई तोकिएबमोजिम बिक्री गरिनेछ । बाँकी रहेको शेयर सर्वसाधारणलाई बिक्री गरिनेछ । कर्मचारीले खरीद गरेको शेयर निजले समितिको सेवामा रहुञ्जेल मुक्री बिक्री गर्न पाउने छैन ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ ।

(४) साधारणतः समितिका कर्मचारी बाहेक कुनै व्यक्ति वा कम्पनीलाई तोकिएको संख्याभन्दा बढी संख्यामा शेयर दिनमा प्रतिबन्ध लगाउन सकिनेछ ।

(५) समितिको शेयर होल्डरको दायित्व सीमित हुनेछ ।

३ मूल ऐनको दफा ८ मा संशोधन:– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :–

८. बोर्डको गठन र संचालकहरूको कार्य अवधि:– (१) संचालकहरूको बोर्ड (यस पछि बोर्ड भनिएको) मा देहायबमोजिमका पांचजना संचालकहरू रहने छन्:–

(क) समितिको महाप्रबन्धक ।

(ख) गैर-सरकारी शेयर होल्डरहरूमध्येबाट साधारण सभाद्वारा निर्वाचित एक जना ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सरकारी शेयर वापत श्री ५ को सरकारले मनोनयम गरेको एकजना ।

(घ) पत्रकारिता, प्रकाशन वा साहित्य क्षेत्रमा ख्याति प्राप्त व्यक्तिमध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको एकजना ।

(ङ) समितिमा काम गर्ने शेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित एकजना ।

(२) साधारण सभाद्वारा निर्वाचित हुने व्यवस्था नभएसम्म वा उप-दफा (१) को खण्ड (ङ) अन्तर्गत शेयरवाला कर्मचारीमध्येबाट निर्वाचित हुने व्यवस्था नभएसम्म शेयर होल्डरबाट निर्वाचित हुने संचालक पनि श्री ५ को सरकारबाट मनोनीत हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षता संस्थानको महाप्रवन्धकले गर्नेछ ।

(४) उप-दफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनीत संचालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा श्री ५ को सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न यस उप-दफाले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(५) साधारण सभाबाट वा समितिका कर्मचारीहरूबाट संचालकको निर्वाचन भई कार्यभार सह्मालेपछि तिनका हकमा श्री ५ को सरकारबाट मनोनीत संचालकहरू स्वतः खारेज हुनेछ ।

(६) निर्वाचित संचालकहरूको कार्य अवधि दुई वर्षको हुनेछ । कार्य अवधि सकिए पछि निज पुनः संचालकमा निर्वाचित हुन सक्नेछ ।

४. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–

९. संचालकको निमित्त अयोग्यताः– देहायको कुनै व्यक्ति संचालक हुन वा रहन सक्ने छैनः–

(क) बहुला वा मानसिक सन्तुलनरहित व्यक्ति,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार प्रमाणित भै सो वापत छ महीनाभन्दा बढी कैदको सजाय पाएको व्यक्ति र त्यस्तो कैदको सजाय भोगिसकेको मितिले ५ वर्ष भुक्तान नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति, वा

(घ) समितिसंगको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको व्यक्ति ।

५. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :–

१४. महाप्रवन्धक, सल्लाहकार र अन्य कर्मचारीको नियुक्तिः– (१) समितिको कार्यहरूको कुशल संचालनको निमित्त श्री ५ को सरकारले एकजना महाप्रवन्धक र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक भए जति सल्लाहकार तथा समितिले अरू कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ। निजहरूको नियुक्ति, सेवाको शर्त, कार्यावधि र पारिश्रमिक तोकिए बमोजिम हुनेछ।

(२) प्रत्येक महीनामा पाउने पारिश्रमिकको तोकिएबमोजिमको अंकबाट अनिवार्य रूपले संस्थानको शेयर खरीद गर्नुपर्ने गरी नियुक्ति र सेवाका शर्त राख्न सकिनेछ।

तर, अस्थायी नियुक्ति भएको र करार सेवामा नियुक्ति गरिएका कर्मचारी-लाई शेयर बिक्री गरिने छैन।

६. मूल ऐनको दफा १५ मा संशोधनः– मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :–

१५. महाप्रवन्धक तथा अन्य कर्मचारीउपर कारवाही गर्नेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियमद्वारा प्राप्त आफ्नो अधिकारको दुरूपयोग गरेको वा सोभन्दा बढी अधिकारको प्रयोग गरेको वा समितिको सम्पत्ति वा कोष हिनामिना गरेको छ भन्ने लागेमा समितिका कर्मचारीलाई बोर्डले तोकिदिएबमोजिम निलम्वन गर्न र नोकरीबाट वर्खास्त समेत गर्ने गरी सजाय दिन सक्नेछ।

तर महाप्रवन्धकको हकमा बोर्डको बैठकले गरेको सिफारिशको आधारमा श्री ५ को सरकारद्वारा उपरोक्त बमोजिमको सजाय दिनेछ र सो बोर्डको बैठकमा महाप्रवन्धकले भाग लिने छैन।

(२) उप-दफा (१) अनुसार त्यस्ता व्यक्तिलाई सजाय दिनु अगावै निजको अभियोग निस्पक्ष तवरले जाँचबुझ गराउने कर्मचारीको हकमा बोर्डले र महाप्रव-न्धकको हकमा श्री ५ को सरकारले उचित ठहऱ्याएको एक व्यक्ति नियुक्त गर्नेछ।

(३) उप-दफा (२) बमोजिम जाँचबुझ गर्दा वयान गराउने कागज लिखत-हरू दाखिल गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा जिल्ला अदालतलाई भए सरहका सबै अधिकार सो नियुक्त व्यक्तिलाई हुनेछ।

(४) उप-दफा (१) बमोजिम भएको सजायको निर्णय वा आदेशउपर चित्त नबुझ्ने महाप्रवन्धकले सर्वोच्च अदालतमा र अन्य कर्मचारीले अञ्चल अदा-लतमा त्यस्तो सजायको निर्णय वा आदेश भएको मितिले ३५ दिनभित्र पुनरावेदन दिन सक्नेछ।

७. मूल ऐनको दफा १७ मा संशोधनः– मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. समितिको काम कर्त्तव्यः– (१) यस ऐनको अधीनमा रही राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष तथा अधिकारीक, शुद्ध, पक्षपातरहित, विश्वसनीय एवं वास्तविक समाचारको संकलन तथा वितरण गर्नु समितिको कर्त्तव्य हुनेछ । यस उप-दफाबमोजिम काम कर्त्तव्य गर्दा समितिलेः–

(क) नेपालसंगको अन्य राष्ट्रको मित्रतामा एवं विश्वशान्तिमा खलल पर्ने वा शंका, उप-शंका उब्जने समाचार वितरण गर्नु हुँदैन ।

(ख) कुनै दलगत भावनाले प्रेरित भएका वा दल वा सिद्धान्त विशेषद्वारा संचालित वा निर्देशित राजनीतिक वा आर्थिक नियन्त्रणमा परी कसैमाथि विना प्रमाणको आरोप लगाउने तथा समाजमा भ्रम उठाउने अनावश्यक समाचार वितरण गर्नु हुँदैन ।

(२) उप-दफा (१) मा उल्लेखित कर्त्तव्यको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी समितिले देहायका कुराहरू गर्न सक्नेछ :–

(क) गुटवन्दी र दलगत स्वार्थबाट सदा अलग रही राष्ट्र र राष्ट्रियता जोगाउने र राजमुकुटको महिमा एवं महत्त्व दर्शाउने समाचार संकलन तथा वितरण गर्ने ।

(ख) निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था तथा प्रचलित कानून र नीति अन्तर्गत रही देश र समाजको स्तर उच्च पार्ने, समाजको उत्थान हुने खालका समाचार संकलन तथा वितरण गर्ने ।

(ग) नागरिक, नैतिक र चारित्रिक भावनालाई आघात नपारी राष्ट्रिय महत्त्व भएका समाचार संकलन र वितरण गर्ने ।

(घ) समितिभित्र वा बाहिरका व्यक्तिलाई समितिको काम कुरामा शिक्षा एवं तालीमको व्यवस्था गर्ने ।

(ङ) समाचारको विभिन्न संस्करण, वितरण दस्तूर, अन्य दस्तूर आदि निर्धारण गर्ने र असूल गर्ने ।

(च) समाचार वितरण गर्दा अधिराज्यको आधारभूत राष्ट्रिय एकतालाई ध्यानमा राखी समाचारको स्तरमा सुधार ल्याउन आवश्यक कदम उठाउने ।

(छ) आफूले गर्न पाउने काम गर्नको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने ।

(ज) समितिको सम्पत्ति धितो बन्धक राखी अरूसंग सापटी लिने ।

(झ) समितिको सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरू प्रकारको बन्दोवस्त गर्ने ।

(ञ) धरौटीको ब्याज दिने र समितिको शेयर लाभांश बाँड्ने ।

(ट) आफ्नो अधिकारको प्रयोग गर्ने र कर्त्तव्यको पालन गर्नमा मद्दत हुने सबै किसिमको करारनामा गर्ने र कार्यान्वित गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) समाचारको संग्रह तथा बिक्री वितरणको लागि अधिराज्यभर र विदेश समेत ठाउँ ठाउँमा शाखा कार्यालय खोल्ने, समाचारदाता र सम्पादक नियुक्ति गर्ने वा ग्राहक बनाउने ।

(ड) आफ्नो पदाधिकारी र कर्मचारीलाई पेन्सन, उप-दान वा संचयकोषको व्यवस्था गर्ने तथा समितिको आर्थिक हित हुने गरी खाता खोल्ने ।

(ढ) आफ्नो रकमलाई श्री ५ को सरकारले तोकेको धितोमा लगाउने र मुनाफा आर्जन गर्ने ।

(ण) यो ऐन अन्तर्गतको आफ्नो कर्त्तव्यहरूको पालन, अधिकारहरूको प्रयोग र यो ऐनको उद्देश्यलाई कार्यान्वित गर्न आवश्यक र त्यसको सिलसिलामा चाहिने अरू सबै काम कुराहरू गर्ने ।

८. मूल ऐनको दफा ३० मा संशोधनः– मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छ :–

३०. दण्ड सजायः–(१)यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम राख्न बनाउन वा पेश गर्नु पर्ने विवरण, हिसाब किताब प्रतिवेदन वा अन्य कुनै कागजातमा जानी जानी वा बदनियतसाथ झुठो तथ्य देखाउने वा साँचो कुरा दबाई बेहोरा फरक पार्ने वा सो कुराको उद्योग गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीन हजार रूपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) संचालक वा समितिको कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ उप-दफा (१) मा लेखिए बाहेक अन्य कुनै कुरा गरी समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयांसम्म जरिवाना हुनेछ ।

(३) संचालक वा समितिको कुनै कर्मचारीले दफा २२ अन्तर्गत जाँचबुझ गर्न नियुक्त भएको व्यक्तिलाई निजको कामकाजमा बाधा पुऱ्याएमा वा त्यस्तो व्यक्तिले कानूनबमोजिम मागेको कागजपत्र वा सूचना कुनै मुनासिब कारण विना नदिएमा वा दिनमा लापरवाही गरेमा निजलाई एक हजार रूपैयांसम्म जरिवाना हुनेछ ।

(४) कसैले समितिको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा समितिको नाम प्रयोग गरेमा निजलाई ६ महीनासम्म कैद वा एक हजार रूपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(५) तत्काल संचालक वा महाप्रबन्धक भएको कुनै व्यक्तिले दफा १६ उल्लंघन गरी समितिसित हुने लिखित ठेक्कामा हिस्सेदार भई सो दफाबमोजिम जाहेर गर्नु पर्ने नगरी सो हैसियतबाट कुनै फाइदा उठाएको वा उठाउन उद्योग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेमा निजलाई दुई वर्षसम्म कैद वा पांच हजार रूपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(६) यस दफाबमोजिम सजाय हुने अपराधबाट समितिलाई कुनै हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको बिगो समेत यो अपराध गर्ने व्यक्तिबाट असूल उपर गरिनेछ ।

९. मूल ऐनको दफा ३० पछि थपः– मूल ऐनको दफा ३० पछि देहायको दफा ३०.क राखिएको छ :–

३०क. श्री ५ को सरकारसंगको सम्पर्कः– समितिले आफ्नो काम कारवाहीको सिलसिलामा श्री ५ को सरकारसंग सम्पर्क राख्दा वा दफा २१ बमोजिम श्री ५ को सरकारले समितिलाई कुनै निर्देशन दिंदा संचार मन्त्रालयमार्फत सम्पर्क राख्नु वा निर्देशन दिनुपर्दछ ।

१०. मूल ऐनको दफा ३२ पछि थपः– मूल ऐनको दफा ३२ पछि देहायको दफा ३२ क. थपिएको छ :–

३२क. हानी नोक्सानी बारे अधिकारीहरूको बचाउः– संचालक वा समितिका कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्त्तव्य पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानी नोक्सानीको निमित्त निज व्यक्तिगत तवरले जवाफदेही हुनेछैन ।

११. मूल ऐनको दफा ३३ मा संशोधनः– मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ :–

३३. नियमहरू बनाउने श्री ५ को सरकारको अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ र यी नियमहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछन् ।

१२. मूल ऐनको दफा ३३ पछि थपः– मूल ऐनको दफा ३३ पछि देहायको दफा ३३ क. थपिएको छ :–

३३क. विनियम बनाउने समितिको अधिकारः– समितिको काम कुराहरूको उचित सम्पादनको निमित्त यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा बाधा विरोध नपारी समितिले विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१३. खारेजीः– मूल ऐनको दफा २९ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. रूपान्तरः– मूल ऐनमा प्रयोग भइरहेको देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ :–

(१) "जनरल मैनेजर" को सट्टा "महाप्रबन्धक"

(२) "राष्ट्रिय सम्वाद समिति" को सट्टा "राष्ट्रिय समाचार समिति"

(३) "सम्वाद" को सट्टा "समाचार"

(४) "सम्वाददाता" को सट्टा "समाचारदाता"

लालमोहर सदर मिति २०२८।१२।२०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।